# राज कुमार प्रभाकर



लक्ष्मीप्रसाद देवकोटा

# राज कुमार प्रभाकर

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. १९९७

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र (महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरू)

*संस्करण* : पहिलो २०६६

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-01-31, 08:54:26 UTC

*Latest minor Correction* : 2026-01-31, 08:54:26 UTC

*Sahityaras ebook id* : 20260131085426

**Cover art**

*HRH Prince Albert (1819–1861)*

Francis Grant, circa 1846

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*समर्पण*

राज कुमार प्रभाकर

# समर्पण

यो सानो पुस्तिका क्षुद्र प्रयास भएता पनि नेपाली साहित्यको शैशबकालमा केही काम न भए पनि पुस्तिकाको संख्या बढाउन र साधारण जनताको साधारण कथाको उपर हुने रूचि पोषण गर्नलाई केही मात्रामा उपयोगी हुनजाला भन्ने आशाले छपाई दिएको छु। केटा केटीहरूसँग बसेर कथा भन्दाभन्दै उनैका निमित्त श्लोकमा शीघ्रतया लेखिदिएको हुनाले र दोहोऱ्याउने र संसोधन गर्ने काम पनि अलि झर्को लागेकाले जस्तो उब्जिएको थियो उस्तै रूपमा प्रकाशित भएको छ। हरेक कुराको भित्री अर्थ न भए पनि मूल अभिप्राय यौटा रहेको देखिएला – यो न विलकुलै औपदेशिक छ न विलकुलै उपदेश हीन। एकै छिन फुर्सतमा हेरेर मन बहलाउने काम देला! यस्ता पुस्तिका प्रकाश गर्नमा मद्दत बक्सिएर क्षुद्र लेखक उपर दया दृष्टि राखी बक्सिने साहित्य प्रेमी श्री प्र. प्र. गो. द. बा. मे. ज. ब्रम्ह्सम्शेर जङ्गबहादुर राणाका हजुरमा यो क्षुद्र पुस्तिका भक्तिसाथ सादर समर्पण गर्दछु।

**लक्ष्मीप्रसाद देवकोटा**

# राज कुमार प्रभाकर

दिव्यदेश हरियो रमणीय दृश्य छन् जस भरी कमनीय;
स्वर्ग तुल्य सब चीज अमूल्य, पूर्ण रत्नहरूले बहुमूल्य।
राजधानी मधुरावति खासा छन जहाँ बिविध दिव्य तमासा
शिल्प कौशल कलाहरू बाट खूब जम्दछ मनोहर ठाँट
बान्किलो छ नगरी घरवार छन् कलात्मक, सबै सुकुमार
चट्ट चट्ट परि रम्य विछट्ट लाग्छ होकि अमरावति भट्ट
नीर नीर रंगका गिरि नाना, साथ शैलहरू सुन्दर साना
दृश्य सुन्दर थरी थरीको छ, चार तर्फ पहरा गिरिको छ।
भर्दछन् भरभरी कँहि भर्ना, ओढ्छ काँहि गिरि चौर उपर्ना,
काँहि चाँदि हिउको शिरताज काँहि नग्न गिरिको छ समाज
काँहि घाम, कहि पर्छ वजेल, दोहिको छ गिरिमा नित खेल
फेरि पुण्य सलिला सरिताका नागबेलि छ घुमावट खासा,
खेत खूब हरिया कलिला छन् दोहि तर्फ जल मर्मर शुन्छन्
राजधानी मथुरावती रम्य छन् त्यहाँ सकल जीच अचम्म,
काँही छन् फटिकका दरबार, काँही फूल सरिका घरबार
कोही छन् घर गुलाब समान पत्रपत्र तहको दिन भान,
लाल रङ्ग दिइ, सुन्दर पारी, राख्दछन् खुशबु साथ शिंगारी;
कोहि छन् कमल तुल्य फुकेका, कोहि वृक्ष सरी वान्कि मिलेका;
काँहि कल्प तरूका पनि भान काँहि कुंज सरि रम्य सुवान,

एक एक रँग आकृति वाला देखिने अति मनोहर चाला,
प्रेम दिव्य छ कलाहरू माथि चित्रकारि उसमा अति जाति
कोही कृष्णघर, कोहि कुटीर, कुञ्ज गेह र निकेतन हीर,
छन् कलालय कहीं कहीं चित्र रूपका घर अनेक विचित्र,
छन् अनेक रूचि भिन्न प्रकार देखिइन्छ सबको घरवार;
छन् सफा सडक रम्य बजार छन् विचित्र त्यस भित्र शिंगार
ती प्रजाहरू प्रसन्न उज्याला छन् पुगेर सब चीज हँसीला;
ताप शोक नगरी भर छैन, मिल्छ तिन्कन विलास र चैन
सुन्दरी शहरका सुकुमारी, सुघ्घरी, कुसुम अङ्ग सिंगारी
गौरवर्ण, कलि कोमल छीटा मस्किएर चलने कति ढीटा;
चम्किला नजर, कोमल वाणी, मोहनी छुनु सरी मृदु पाणी;
रंग रंग चुनि, ढंग निकाली, चल्दछन् निहुरि घुँघट हाली;
फूलमा अधिक प्रेम जनाई, पुष्परूप भइ पुष्प चढाई
चालमा लचक बाट कलाको प्रेम जाहिर गरी अवलाको;
लामु केश सबको, अलि गोल लाम्चिलो वदनमा अनमोल
ओजको झलक; नित्य प्रसन्न फूल तुल्य युवतीहरू धन्य।

राजाको दरवार सुन्दर ठुलो केही उँचा ठाउँमा,
झल् झल् झल् गरने सबै फटिकको, रत्नादि श्रृङ्गारमा;
खोपी रङ्ग अनेकका, वरिपरी छन् वाग आनन्दका,
ठूला झील, तलाउ छन् नजिकमा माछा त्यहाँ रङ्गका।
त्यो ठूलो दरवारमा विविध छन् चित्रादिका चातुरी,
मानो शिल्पकला निकेतन छ त्यो, छन् रँगको माधुरी,
सामग्रीहरू कल्पना गरनु मै त्यागी सवै वर्णन
होला वेस; वताउँ ती सव भने लाग्नेछ धेरै दिन।

राजा यशस्वी त्यसमा सुदर्शन,
रानी किशोरी दुइ राज गर्छन्;
वडा प्रजावत्सल धीर, वीर,
चरित्र वाला र वडा गभीर
मारी अनेकौ अघि क्रूर राक्षस,
वैरीहरूलाई गरी सदा वश,
पराक्रमी भैकन ती दिशादश
फिंजाउथें सुन्दर राजसी यश
उन्को उज्यालो तरवार दिव्य
थियेन कोही जनलाई लभ्य
त्यो अस्त्रआईकन अन्विका स्वयम्
स्वपना विषे खुश भई दिइ थिइन्।
त्यो चम्कदा चारदिशा उज्यालिई
भै मेघको गर्जन आँधि चम्किई
जो वैरिको गर्जननै चितायो
त्यस्लाई काटीकन झट्ट आयो।

ती राजाका पुत्र यौटा थिये नाम प्रभाकर
बडा उज्याला तेजीला रूपमा अति सुन्दर
ठूलो तालिम पाएका शस्त्र अस्त्र चलाउन
बडा चतुर; वीरात्मा, न कदापि डराउन!
तर चंचलता ज्यादा भएका लहडी थिए,
राज्यको धन छोडेर शिकार तिर घुम्दथे।
शिकारको सौख ठूलो, त्यस्तै भ्रमण एकको
गर्नको सौख के गर्दा, धेर रोज हराँउथे,
सब नोकरलाई ती हैरानहि गराउँथे

कहिले पढने वेला भीरमा गई चढ्दथे,
बेचारा गुरूजी आई लाचारीमा निदाउँथे
कहिले वनमा हुन्थे, कहिले भेष लीकन
झोपडीमा गई बस्थे पाहुना भै गरीबको;
खोजी खोजी पछी पाई झोपडीबाट ल्याउँथे
हैरानी पाउँदै सारा सेवा गर्ने कराउँथे
कहिले ती नदी तर्फ भयंकर कुठाउँमा
भुँवरीमा गई पौडी, देख्नेनै तरसाउँथे
कहिले वृक्षमा चढ्दै, झ्याम्म शाखाहरू विच
छेकिएर, छिपी, मीठो मुरली ली ली बजाउँथे
कहिले दूर गिरिमा एकान्त रसिलो स्थल
छानी, रातभरी त्यस्मा पाखी ओडी निदाउँथे
कहिले चढि घोडामा दूर देश गईकन
अकेला देश हेरेर लेख लेखेर आउँथे
राजा रानी दुबैलाई हमेशा ताप पर्दथ्यो;
जति सँझाउथे उत्ति प्रभाकर नबोलदै
क्षमा मागी, नसुध्रेर, शिरनै निहुराउँथे।

एकरोज वनमा अति दूर
ती शिकार गरनाकन शूर
राजपुत्र मृगको पछि लागी
गै गए, मृग छिटो गरी भागी
भित्र भित्र वन भित्र, पसेर,
गुप्त भो मृगत झाडि घुसेर;
भै निराश तिनि पैदल लागे
औ तरंग मनमा कति जागे।

बाक्लो त्यो वनको कठोर मुटुमा जस्मा न रस्ता कहीँ;
खाली घोर अरण्यको छ गहिरो छाया अँधेरी त्यहीँ,
त्यस्मा आफ्नु शिकार भेट्न नशकी, नैराश्यमा घोरिई
घुंदै राजकुमार ती चलिरहे जाऊँ कहाँ भैँ भई
यौटा ठाउँ विचित्र फूलहरूको वास्नाहरूले भरी
देखी केहि वढे त्यसै तरफना मन्साय हेर्ने गरी,
हेर्दा खूब विचित्र त्यो स्थल थियो, त्यस्मा कुनै सुन्दरी
मानो स्वर्गकि अप्सरा रूँदि थिइन् पृथ्वी तलैमा झरी

सुकुमार मुडोल अङ्गकी
जुनको जादु समान रङ्गकी
अति कोमल दिव्य ढङ्गकी
दुइ आँखा छबिला कुरङ्गकी
मुख चन्द्र उदास सुन्दर
दुखछाया परि, पातलो तर;
नभमा अति पातलो भुवा
परदा चन्द्रमुहारमा कहाँ!
अलि केहि झुकी गुलाबको
रँगको शारि लतारि छेउको
भरले करले पुछीकन
वसदी मोहन दीर्घ लोचन
उठदै दबिदै वरावरी
छिनमा वर्लि अली अली चली
दिलको दुखि भाव उछलँदा
उनको छाति उछल्दथ्यो, रूँदा

मृदु केश पछाडि लत्रिई
भुई छुन्थ्यो दुखमा धुली लिई
दुइ पाउ सुडोल कोमल
भुइ छूँदा फुलथे त्यहाँ फुल
अति मोहन रूप सुन्दरी
फुल राम्रो रँगिला वरी परी
मुख हेरनु प्रेम गर्नु छ
रूदि छन् देखनु छाति भर्नु छ
रूख माथि अढेस लीकन
निहुराई कलि कोमलो तन,
लहराहरूका फुलाईमा,
फुलको मस्त मिठो झुलाइमा
मनमा दुख मानि एकली
वनमा घोर बसेर कोमली
युवती तिनि चन्द्रमा सरी
रूदि आँशू पुछि खूब सुन्दरी
मृदु बैंश तयार फुल्दछ
फुकको छाति सुगन्ध चल्दछ
फुल झैं तनमा सुगन्ध छ
कमलैको कलि आधि बन्दछ
सपनासरि देखदा पनि
मन आकर्षण गर्दछिन तिनी;
दुनिया तिनमै अनेक छ
मुख हेरे पछि मोह भर्दछ
अति कोमल गौर बाहुले

पुछदै लोचन शारि छेउले
मन मोहन लाञ्चिला कुना
तव राजकुमार छेउमा
ति परेला रसिला ढिका विना
तव राजकुमार छेउमा
गई सोध्छन्, "किनयो अरण्यमा!
तिमि को? किन एकली यहाँ!
भन? हे सुन्दरी बस्दछ्यौ कहाँ?"
केहि झस्किई चट्ट फर्किई
युवती हेर्दछन् ती खडा भई;
शरमले गरी लाली चढ्दछ
निहुरी माथ क्यै नजर उठ्दछ
भन्दछिन् मिठो कोयली स्वर
मधुर वाणीले तब मनोहर,
"अधिक दूरकी नृपकुमारी हुँ
शरमको कुरा के यहाँ कहू?"
नृपकुमार ती अधिक मोहित
बोल्दछन्, "सबै भन खुला सित
शरमको कुरा छैन जे हओस्
बोल त्यो सबै लाज दूर होस्।"
लाली गाढली नम्र बोलीले
बोल्दछिन् तिनी मधुर शीलले,
"हृदयले बरी भागि आउदी
बीच वन विषे बस्दछु रूदी
जब बिहाहुने भोकुरा वहाँ
अप्रसन्न भै भागदी यहाँ

यदि मलाई ती पकडि लग्दछन्
जेलमा थुनी काटि ठुग्दँछन्।"
"हिंडत साथमा महलमा पुगी
रानीनै गरी राख्दछु लगी
वन अघोरमा एकली यहाँ
गर्दछ्यौ र के? बस्दछ्यौ कहाँ?"
युवति भन्दछिन्, "हजुर साथमा
जान के थियो? तर गए वहाँ
जङ्गली भनी मकन हेपलान्,
वनकी राक्षसी मकन देखलान्।
जान्न राज्यमा तर म साथमा
राज हुन्छ ता रच्दछु यहाँ
सहर महल औ पुष्प बाटिका
सब कुराहरू सुख विलासका।"
छक्क भै तिनी भूपका सुत
हेर्दछन् बडो ताजुवी सित
माथ देखिनै पयर सम्मको
दृष्टिले गरी अति अचम्मको
भन्दछन्, "अहो के कुरा कसो?
रच्न शक्तछ्यौं सब तिमी अहो!
कसरि लौत यो हेरिहालुन
यदि सक्यौ भने साथ बस्छु म।"
भन्दछिन् तिनी, "जान्दछु अलि
ज्ञान राक्षसी महलमा पढी
गुरूजी शुक्रले क्यै शिकाउँदा
रच्न शक्दछु सव चिताउँदा।

हजुर राजहोस् नेत्र चिम्लिई
दश निमेषमा जादुले गई
राजधानिनै रच्दछु यहाँ
अनि दिखाउँला राजहोस् वहाँ।"

यति भनि अनि तिन्ले भूपका पुत्रलाई
नजिक बसनलाई नेत्र बन्दै गराई
फुलटिपि कर धारी मन्त्रले फुक्न थालीन्
गड गड गरि आँधी अद्‌भुतैको निकालीन्
बिजुलि चमकि आयो वृक्षसारा उडायो
त्यसपछि अनि लाखौं राक्षसी मूर्ति आयो
शहर तव वनायो रम्य कारीगरीले
सकल चिज जमायो रङ्ग लाखौं थरीले
शहर सब भरीभो दिव्य राम्रो परीले
झलमल भइ आयो चित्रकारीहरूले
जव नजर खुलेथे भूपका पुत्रलाई
सबतिर छ उज्यालो रूप छन् रंग राम्रा
बहुविध छ तमाशा कल्पना तुल्य हाम्रा
नजर जति घुमायो चीज राम्रा नवीन,
सब तिर छ अनेकौं मोहनी चित्त लीन।

मुसुक्क गरि हाँसदी युवती भन्दछिन्, "लौ अब
भरीभर भयो सबै; शहर यो बनाएँ तव;
जितें हृदय नाथको; अब कबूल पुरा गरी
म साथ नित राज होस्, लिए विलास लाखौं थरी।
ठूलो महल त्यो त्यहाँ अब वहाँ गई राजहोस्

भुलेर घरको कुरा मसँग नाथको वासहोस् ।"
यति भनी बजाउँदै कर, दिएर ताली तिनी
अनेक युवतीहरू दगुरि आई, भन्छिन अनी,
"तिमीहरू गई छिटो अब गुलाबि खोपीकन
तयार गरि राखनू, र चउरासिनै व्यंजन,
सुशीतल बनाउनू, मधुर बास भर्नू त्यहाँ,
अनेक फूल राखनु, सब विलास भर्नू वहाँ।"
हिंडे ठिटिहरू झुकी कमरलाई लच्काउँदै,
अनि सुमुखि रानिले नृप कुमारको हातली
चलिन् महलमा ठूलो, तब धिपिक्क श्री झैं बल
सुरम्य फुलवाटिका मधुर बान्कीला रंगीला,
अनेक चिडिया वहाँ कुहुकने फुलाई गला;
मिठा विविध शब्दले हृदय वायुको गूँजने,
मनोहर छ सूचना कलरवादिको कुँजने,
अनेक फूल छन् वहाँ कठिन गर्ननै वर्णन,
सजीव सब बोल्दछन् कि सरि ओठ खोलीकन;
विभिन्न रँग रूपका, सब सुगन्धवाला छन्,
छ बाग सब कल्पना सरि, लुभाइ लिने मन
घुमावट छ मार्गको कुसुम बाटिकाका सफा
अनेक थरी वासका विविधदृश्य फेरी अहा!
तलाउहरू निर्मला जगत छातिमा लीकन
शशी रवि र तारकाकन बनी लिने दर्पण
अनेक रँगका ठुला सुनहला उज्याला अति
सुडोल मछलीहरू सलिल बीच लीला कति
गरेर मुख बाउँदै मृदुल पुष्पको त्यो धुलो
हरर्र झरि आँउदा सलल तैरि चल्छन् अहो

छ ठाँउहरूमा आहा! मधुर चित्रकारीहरू,
र मूर्ति सब देवका, सकल शिल्पको चातुरी;
सुडोल मृदु अप्सरा, सकल शक्ति औ माधुरी
अनङ्गकन ठाउँमा सकल नग्न मूर्ती गरी
कहीं मधुर प्रेमको रुचिर मूर्तिको माधुरी,
कहीं छ प्रिय शान्तिको मृदुल चित्र शोभाभरी,
अनेक ऋतु कुंज छन् र छहरा अनेकौ थरी,
रँगीन कति दीपले झल झली बलेझैं गरी,
कतै मृदुल कुंज छन् फुल फुलैहरूले गरी,
सुशीतल, कलासरी भवन छन्, अनी सुन्दरी
अनेक रँग रूपका, वदन कोहिको मोहने,
कुनै मुसँकिंदा स्वयं वशहि कामदेवै हुने;
कुनै लचकँदा त्यसै हृदय लच्किने साथमा
कुनै बदन मोहनी, कँहि त जादु छन् दाँतमा,
कुनै मधुर बोलिले मृदुल कोयली, बुल्बुल
सरी हृदय खींचने; अनि कुनै सँधै झल्झल
मनोहर पहीरनैहरू लगाइ चंकी दिने,
कुनै मृदु सुगन्धले हृदयलाई खैंची लिने
अनी फेरी ठूलो महल अनि राम्रो सुनहला
फटीकैका खंवाहरू उपर उठ्ने, सरि खुला,
हवादारी धेरै विपुल रँगका खोपि रसिला,
अनि वत्ती राम्रा, चीजहरू अनेकौं छ हँसिला
गुलावी शय्या छन्, रँग रँग अनेकौं फिरिफिरी
सँधै वइली जाने छवि-महलमा लाखन थरी,
सुगन्धी हावाले हरहर मिठो चाल गरने,
सँधै मखमल् कुल्ची पयर कननै क्लेश हरने।

सफा केटी आई सब तरहका काम गरने,
विलासी सामग्री सकल मनको माफिक हुने,
कहाँ निद्रा स्वप्ना बिच पनि प्रकाशादिहरूको
गरी अद्‌ली बद्‌ली मथुर रहेन चित्त सबको

सब कोमल, दिव्य, मंजुल,
रसिलो, सुन्दर, सभ्य, उज्वल,
विषयादि अनेक वासना
परिपूर्ण गरनै कडोरन
सब चीज जुटाइ, सौखको
यहि दोस्रो शुभ स्वर्ग हो कि यो
सरि सुन्दरता जतातता
त्यसमा राजकुमार वेपता;
सरि भै दरवार बिर्सिई,
बिषयैको उपभोगमा रही,
सब इन्द्रियको मनोरथ
कन पूरा गरदै सँधै भर
बसथे युवतीहरू लिई,
सुमुखी रानी सँगै सँधै भई,
जति सौख र रङ्ग चातुरी,
जति आनन्द, विलास, माधुरी।
जति मोह र खेल, क्रीडन,
प्रियताको सुकला कडोरन
जति शक्छ अनङ्ग चिन्तन
गरनैलाई पनी, सबै कुरा
सुमुखीसँग पाइ भोगन,

बसथे राजकुमार सुन्दर।
कहिले डुली वागमा ठुलो,
कहिले सुन्दरी साथ पौडँदै;
कहिले जुनमा विलास ली,
कहिले हाँस र खेलमा हुँदै;
सुकुमार कपोलका रस,
अनि ठट्टाहरू कामका वश,
अनि व्यंजन स्वादुको मजा
लिइ ती राजकुमारले अहा!
कहिले शुनि गान मोहन
कलिले नृत्य अनेक शोभन,
सब इन्द्रियको शरावमा
वसथे राजकुमार मादमा
तर एक कुरा न पाउँथे
पढने पुस्तक ती लुकाउँथे।
"पढनु यस देशमा ठुलो
बुझिंदा पाप, कितावमा धुलो
परि एक कुना लगीकन
सब राखेर परै गरीकन
बसछौं, यदि नाथले पढे
सब यो देश भरी लडे गडे।"
भनि ती सुमुखी शिकाउँथिन्
र सबै पुस्तक नै लुकाउँथिन्।

ज्यादै विलास भइ वाक्क भई कुनै दिन
राती उठेर पढने उनको भयो मन;

खोजेर पुस्तकहरू उनि पढ्न थाले
देखे मनोहर कुरा नजरै नयाँले।
लाखौं थरी जगतका सब ध्यान चित्र,
लाखौं थरी सुखहरू जगमै विचित्र,
उन्को खेल्यो नजर लोक नयाँ अरूमा
आयो घृणा तव विलास र सुन्दरीमा
केही परै गरि गरी उनि चल्न थाले
कठोर त्यो विषयको सुखको मजाले;
रानी उदासि भइ घोरिन केहि लागिन्
मुर्झाउँदा युवति साथ टहल्न लागिन्,
त्यो राज्यमा नियम एक रहेछ ठूलो,
"रानी रूँदा सकल देश हुने छ धूलो!"
आँशू अडाइकन रानी उदासि हुन्थिन्
ती भूप पुत्र पर देखि न रोइ रून्थिन्।

एक रोज अलि राजकुमार
झोकिएर बहुतै लिइ हार,
केही शब्द कटु चट्ट निकाले
आँशू वूँद उनका गिरि हाले।

आयो घोर तुफान गड्गड गरी, भूकम्प नै मच्चियो,
सारा त्यो शहरै उड्यो, धुलिपिटी दर्वार सारा भयो।
ती राजा तव नेत्र चिम्लिइ वसे, खोलेर हेर्दा अनी
देखे जंगल खालि एक गहिरो, ठूलो अँध्यरो पनी।
स्वप्ना तुल्य भयो अनी सब कुरा संभेर मातापिता
आफ्नो राज्य, चले उनि अनि वहाँ जस्मा न पाई पता

सारा शोक लिएर विव्हल भई वस्थे उदासी भई,
फेरी मातपिता अगाडि ति गई वस्दा भए सुख दी।
आफ्नो राज्य-प्रवन्ध संभि बहुतै, पालेर आज्ञाकन,
छाडी त्यो लहडी शिशूपन सबै, राम्रो सँभाली मन,
साराको हित मात्र चिन्तन गरी, वैराग्य राम्रो लिई,
कर्तव्यै कन पालनादि गरि बसे, राजा यशस्वी भई।
मायाले छल पारि सुन्दर सफा श्रृङ्गारको मोहनी
लाई खिच्दछ जीवलाई सहजै दर्वार झूठा बनी,
मिथ्या झल्कि अनेक रंगहरूमा साह्रै भुलाईकन,
दासै इन्द्रियको बनाइ भुलछन् संसारमा नै जन।
इन्द्रैको सरि भोग होस् विषयको लाखौं थरी सौख हुन्
स्वर्गै देखि पनी अशान्ति छ हुने धेरै त्यहाँ जो रहुन्;
आखिर्मा उहि ब्रम्हको जब खुल्यो आनन्दको दर्शन,
सारा हुन्छ प्रबन्ध ठीक, अनि यो शान्ति स्वयं जीवन